नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ओखलढुङ्गा

पत्र संख्या. २०७७/७८
चलानी नं.- ९५१

मिती: २०७७/०४/२९

विषयः कोभिड १९ सुरक्षा मापदण्ड (Protocol) सम्वन्धमा ।

जो जस सँग सम्बन्ध राख्दछ ।

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालयको च. नं. ३८१ मिति २०७७/०४/२८ को पत्र साथ उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले जारी गरेको पाना-६ को **उद्योग वाणिज्य तथा आपूर्ती क्षेत्रले अपनाउनु पर्ने सुरक्षा मापदण्ड (Protocol)** प्राप्त भएको हुँदा उक्त मापदण्ड आवश्यक कार्यान्वयनको लागि सम्वन्धित सम्पुर्ण सरोकारवालाहरुलाई यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

०७७/०४/२९

तुलसी भट्टराई
स.प्र.जि.अ.

०३७ - ५२०१३३ प्र.जि.अ.
०३७ - ५२०१३२ स.प्र.जि.अ.
Website: daookhaldhunga.moha.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocol)

स्विकृत मिति: २०७७/०४/१५ (मा. मन्त्रिस्तरीय)

विश्वव्यापी महामारी कोभिड १९ को संक्रमणको जोखिम कायमै रहेको सन्दर्भमा मुलुकभर उद्योग, वाणिज्य तथा आपूर्ति सम्वन्धी कार्यहरू संचालन गर्दा कोभिड १९ को संक्रमणको जोखिम न्यूनीकरण हुने उपायहरूको अवलम्बन गर्नु आवश्यक छ । यसै सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/४/५ को वैठकले सम्बन्धित मन्त्रालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरुको सम्बन्धमा आवश्यक प्रोटोकल जारी गर्ने निर्णय गरे बमोजिम मन्त्रालय, मन्त्रालय अन्तरगतका निकाय तथा कार्यालयका साथै उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलहरुले कोभिड १९ को संक्रमण फैलन नदिने गरी सार्वजनिक सेवा प्रवाह, वस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरण लगायतका कार्यहरू सुरक्षित तवरले नियमित रूपमा संचालन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो प्रोटोकल स्वीकृत गरी लागू गरेको छ ।

१. आवतजावत र कार्यालय/कार्यस्थल/उद्योग परिसर प्रवेश सम्बन्धमा

क) कार्यस्थल/उद्योगभित्र प्रवेश गर्नु अघि सबैले अनिवार्य रुपमा साबुन पानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने, थर्मल गनबाट तापक्रम नाप्ने र मास्क लगाउने व्यवस्था गर्ने,

ख) स्वदेशभित्र वा विदेश यात्रा गर्ने श्रमिक वा कर्मचारीले यात्रापछि काममा फर्कनु पूर्व अनिवार्य रुपमा आफ्नो यात्राको विवरण व्यवस्थापनलाई बुझाउनु पर्ने,

ग) श्रमिक/कर्मचारीभन्दा बाहेकका व्यक्तिलाई सम्भव भएसम्म उद्योग/कार्यालय परिसर प्रवेशमा रोक लगाउने। काम विशेषले बाहिरी व्यक्तिलाई उद्योग/कार्यालय परिसरमा प्रवेश गराउनु परेमा आगन्तुकको विगत एक महिनाको यात्रा विवरण, सम्पर्क नम्बर र ठेगाना सहितको विवरण राख्ने।

२. कार्यस्थल सरसफाई र निसंक्रमण सम्बन्धमा

क) कार्यालय प्रवेशविन्दु, कार्यालय परिसर, कार्यस्थल, शौचालय, उपकरण, फर्निचर आदिको नियमित सरसफाई र निसंक्रमण गर्ने,

ख) सबै श्रमिक तथा कर्मचारीहरुका लागि समय समयमा साबुन पानीले हात धुन तथा स्यानिटाइजर प्रयोग गर्न कार्य स्थलमा हात धुने ठाउँ र स्यानिटाइज़रको पर्याप्त व्यवस्था गर्ने,

ग) सरसफाईसँग सम्बन्धित कर्मचारी/श्रमिकका लागि अनिवार्य रुपमा मास्क, पन्जा, बुट, सुज कभर र हेड कभरको व्यवस्था गर्ने।

## ३. कार्यस्थलमा भौतिक दूरी कायम गर्ने सम्बन्धमा

क) श्रमिक/कर्मचारी बीचमा कम्तीमा ६ फिट (२ मिटर) को भौतिक दूरी कायम गर्ने,

ख) काउण्टर, क्याण्टीन, सेवा लिने लाइन, प्रतिक्षास्थल जस्ता स्थानमा एक व्यक्ति र अर्को व्यक्तिका बीचमा कम्तीमा ६ फिट दूरी कायम हुने गरी रेखाङ्कन गर्ने,

ग) स्वास्थ्य सम्बन्धी उच्च जोखिम भएका कर्मचारीलाई घरबाटै काम गर्ने व्यवस्था मिलाउने,

घ) अत्यावश्यक अवस्थामा बाहेक लिफ्टको प्रयोग नगर्ने, लिफ्ट प्रयोग गर्नै पर्ने अवस्थामा एकपटकमा एक जनाभन्दा बढी व्यक्ति लिफ्टमा ओहोरदोहोर नगर्ने,

ङ) कुनै सामान लोड, अनलोड वा लिने दिने गर्दा व्यक्ति व्यक्ति बीच भौतिक सम्पर्क नहुने गरी निश्चित स्थानमा छोड्ने र उठाउने (Contactless Delivery) व्यवस्था गर्ने,

च) ई-बिलिङ तथा ई-भुक्तानीको व्यवस्था गरी कारोबारमा नगद र कागजको प्रयोग कम गर्ने।

## ४. सवारी साधनको प्रयोग सम्बन्धमा

क) कच्चा पदार्थ ल्याउँदा वा उत्पादित सामग्री ढुवानी गर्दा वा श्रमिक कर्मचारी ओसारपसार गर्दा त्यस्ता सवारी साधनमा बाह्य व्यक्तिलाई नचढाउने,

ख) श्रमिक तथा कर्मचारीलाई पिक अप र ड्रप गर्ने सवारी साधनमा कुल यात्रु क्षमताको पचास प्रतिशत मात्र यात्रु राख्ने,

ग) सबै खाले सवारी साधनमा चालक, सहचालक तथा यात्रु चढ्नु पूर्व अनिवार्य रुपमा मास्क लगाउने, तापक्रम मापन गर्ने र स्यानिटाइजर प्रयोग गर्ने व्यवस्था गर्ने,

घ) कच्चा पदार्थ वा अन्य सामग्री आयात गर्ने ढुवानीका साधनलाई सीमा नाकाबाट प्रवेश गर्नु पूर्व वा सीमा नाकामा सामग्री अनलोड गर्नु पूर्व अनिवार्य रुपमा निसंक्रमण गर्ने,

ङ) सामान ढुवानी गर्ने तथा श्रमिक कर्मचारी बोक्ने सवारीका साधनलाई प्रत्येक पटक सामान अनलोड गर्नु पूर्व वा यात्रु चढाउनु पूर्व अनिवार्य रुपमा निसंक्रमण गर्ने र त्यस्ता सवारीसाधनको ढोका खोल्ने ह्याण्डल, साँचो आदिलाई नियमित रुपमा निसंक्रमण गर्ने।

५. व्यावसायिक बैठक तथा भ्रमण सम्बन्धमा

क) बैठकको तयारीमा कागजी प्रकृयालाई कम गरी सूचना प्रविधिको प्रयोग गर्ने र सम्भव भएसम्म अनलाईन बैठक संचालन गर्ने,

ख) भौतिक रुपमा बैठक गर्नु पर्दा न्यूनतम संख्याको उपस्थितिमा सुरक्षा मापदण्ड पालना गरी बैठक संचालन गर्ने,

ग) अति आवश्यक अवस्थामा बाहेक स्थलगत भ्रमण, बैठक, अन्तरक्रिया लगायतका कार्यक्रम नराख्ने।

६. उत्पादन, प्रशोधन तथा सामग्री व्यवस्थापन सम्बन्धमा

क) उत्पादन तथा प्रशोधनमा संलग्न दैनिक ज्यालादारी कर्मचारीहरुलाई सामाजिक दूरी (कम्तिमा २ मिटर) कायम गर्ने, साबुन पानीले हात धुने व्यवस्था, गुणस्तरिय स्यानिटाइजर र मास्क अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाउने,

ख) दैनिक ज्यालादारी कर्मचारीहरुको व्यवस्थापन गर्दा सानो समूहमा परिचित तथा संक्रमण नभएको समुदायबाट परिचालन गर्ने साथै स-साना समूह बनाई काम गर्ने क्षेत्र विभाजन गर्ने,

ग) उत्पादन तथा प्रशोधन कार्यमा प्रयोग भएका, हुन सक्ने सामग्रीको यथोचित रुपमा निसंक्रमण गर्ने व्यवस्था गर्ने,

घ) दैनिक ज्यालादारी कर्मचारीहरुको खाजा तथा खाना संभव भएसम्म स्वयं व्यवस्थापन गर्न लगाउने तथा भाडाकुँडाको साझा प्रयोग नगर्ने,

ङ) नियमित ज्यालादारी कर्मचारीहरुलाई कोरोना परीक्षण गराउने तथा उत्पादन तथा प्रशोधन कार्यमा प्रयोग भएका दैनिक ज्यालादारी कर्मचारीहरुको सम्पर्क नम्बर सहितको लगत अद्यावधिक गर्ने,

च) सामग्री व्यवस्थापन गर्न समूहगत पद्धतिको अवलम्बन गर्न अभिप्रेरित गर्ने,

छ) बाहिरबाट खरिद गरिने कच्चा पदार्थ, बोरा, प्लाष्टिक ब्याग, झोला, आदिलाई भण्डारण र प्रयोग गर्नुअघि निसंक्रमण गर्ने,

ज) कम श्रम लाग्ने प्रविधिको अवलम्बन गर्ने।

७. ढुवानी, बजार संचालन तथा बजारीकरण सम्बन्धमा

क) नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहले व्यापार, व्यवसाय गर्न खुल्ला गरेका स्थानहरुमा रहेका व्यवसायिक केन्द्रमा सम्बन्धित सम्बद्ध व्यवसायीहरुले पंजा तथा मास्कको अनिवार्य प्रयोग गर्ने, हातलाई स्यानिटाइज गर्ने, तथा न्यूनतम २ मिटरको सामाजिक दूरी कायम गरी संचालन गर्ने,

ख) व्यवसायिक केन्द्रमा प्रयोग गर्ने आम उपभोक्ताहरुका लागि ज्वरो नाप्ने Thermal Gun को प्रयोग गरी सो को आधारमा मात्र बजारभित्र प्रवेशको व्यवस्था गर्ने साथै सफा पानी र साबुनले हात धुने वा स्यानिटाइज गर्ने प्रभावकारी व्यवस्था सम्बद्ध बजार व्यवस्थापन समितिले मिलाउने तथा सम्पर्क नम्बर सहित लगत राख्ने,

ग) सम्बन्धित बजार व्यवस्थापन/संचालन समितिहरुले कोभिड-१९बाट सुरक्षित रहन अपनाउनुपर्ने सावधानीका बारेमा बजारका व्यवसायीहरु तथा आम उपभोक्तालाई नियमित सचेत गराउनु पर्ने,

घ) व्यवसायीहरुले उत्पादन तथा मूल्य श्रृंखलाका हरेक बिन्दुमा सरसफाई, प्रारम्भिक प्रशोधन लगायतका क्रियाकलापहरु गर्दा सुरक्षाका सबै बिधिहरु अवलम्वन गर्ने,

ङ) थोक र खुद्रा बिक्रीका लागि अलग अलग समय तोकी सोही अनुरुप ठूलो संख्यामा भिडभाड नहुने सुनिश्चित गरी कारोबार गर्नुपर्ने तथा आवश्यक परेमा स्थानीय प्रशासनको समेत सहयोग लिने,

च) उद्योग तथा व्यवसायहरुमा काम गर्ने मजदुरहरुको स्वास्थ्यमा विशेष सजगता अपनाउनु पर्नेछ। त्यस्ता मजदुरहरुलाई सुरक्षाको लागि आवश्यक सबै सामग्रीहरु जस्तै मास्क, पंजा, सेनिटाइजरजस्ता सामग्रीहरु आवश्यकता अनुसार नियमित रुपमा उपलव्ध गराउनुपर्ने। साथै, कोभिड-१९ को शंका लागेमा वा लक्षण देखिएमा बजारमा कार्यरत सबैको परीक्षणको व्यवस्था मिलाउने,

छ) वस्तुको ढुवानीमा प्रयोग गरिने ढुवानीका साधनहरुलाई निसंक्रमण गर्नुपर्ने साथै सो ढुवानीको साधन चलाउने चालक तथा सह चालकको समेत सुरक्षाको लागि उचित प्रवन्ध मिलाउनु पर्ने,

ज) सामाग्रीहरु डेलिभरी गर्ने व्यक्तिको निरन्तर कोरोना परीक्षण गरिएको हुनुपर्ने। ढुवानी गर्ने साधन, टोकरीहरुको नियमित निसंक्रमण भएको हुनुपर्ने,

झ) विदेशबाट आयातित वस्तुहरूको आवश्यकता अनुसार जोखिम विश्लेषण गरी बजारमा आपूर्ति गर्ने व्यवस्था मिलाउनु पर्ने।

८. डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र तथा खुद्रा पसलहरू संचालन सम्बन्धमा

क) ग्राहकलाई भित्र प्रवेश गर्नु पूर्व अनिवार्य रूपमा मास्क प्रयोग गर्न लगाउने, तापक्रम नाप्ने र स्यानिटाइजर प्रयोग गर्ने व्यवस्था गर्ने,

ख) ग्राहकलाई मार्क गरिएको घेराभित्र लाइनमा राखी एक पटकमा पर्याप्त सामाजिक दूरी कायम गरेर सामान छनौट तथा बिल भुक्तानी गर्न सहज हुने संख्यामा मात्र भित्र प्रवेश गर्न दिने,

ग) अनलाइन माग संकलन र होम डेलिभरीलाई प्राथमिकता दिने,

घ) ग्राहकहरूलाई सकेसम्म विद्युतीय माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्ने,

ङ)	शौचालय नियमित रुपमा सफा गर्ने र सामूहिक शौचालयमा सामाजिक दूरी कायम हुने गरी एक पटकमा सीमित संख्यामा मात्र मानिसहरु पठाउने व्यवस्था मिलाउने,

च)	विक्रेता र कर्मचारीले अनिवार्य रुपमा मास्क र सर्जिकल पञ्जा लगाउने,

छ)	हरेक ग्राहकलाई सामान दिएर पैसा बुझेपछि अर्को ग्राहकसंग कारोवार गर्नु पूर्व स्यानिटाइजर प्रयोग गर्ने ।

९.	रेष्टुरेण्ट तथा खाजा घर संचालन सम्बन्धमा

क)	अनलाइन अर्डरका आधारमा होम डेलिभरी तथा ग्राहक स्वयं आएर प्याकिङ गरी लैजाने टेक अवे विधिलाई मात्र प्रयोग गर्ने,

ख)	जनस्वास्थ्य सुरक्षाका विषयमा यस प्रोटोकलमा उल्लेख भएका सबै उपायहरूको पालना गर्ने,

ग)	श्रमिक तथा कर्मचारीहरूले कार्यस्थलमा रहँदा पूरै समय अनिवार्य रुपमा पूरै शरिर ढाक्ने लुगा, एप्रोन, मास्क, पञ्जा, हेड कभर तथा सुज कभर लगाउने व्यवस्था गर्ने ।

१०.	शंकास्पद संक्रमित व्यक्तिको उपचार सम्बन्धमा

क)	कार्यस्थलमा शंकास्पद संक्रमित व्यक्ति फेला परेमा तुरुन्तै सुरक्षित तवरले नजिकको स्वास्थ्य संस्थामा पुर्‍याउने व्यवस्था गर्ने,

ख)	शंकास्पद संक्रमित व्यक्तिले प्रयोग गरेको कोठा, उपकरण, शौचालय, स्नानकक्ष आदिलाई निसंक्रमण गरेर मात्र अरुलाई प्रयोग गर्न दिने,

ग)	शंकास्पद संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको नाम, ठेगाना र सम्पर्क विवरण ट्रेसिङ्गका लागि नजिकको प्रहरी कार्यालय, गाउँपालिका, नगरपालिका वा स्वास्थ्य सम्वन्धी सरकारी निकायलाई उपलव्ध गराउने,

घ)	शंकास्पद संक्रमित व्यक्तिको सम्पर्कमा आएका अन्य व्यक्तिहरुलाई तत्कालै स्वास्थ्य परिक्षण गर्न लगाउने,

ङ)	कोभिड–१९ को उपचार गर्ने अस्पताल, सम्पर्क गर्ने स्वास्थ्यकर्मी वा अन्य सम्बन्धित व्यक्ति, शंकास्पद वा संक्रमित व्यक्तिलाई ओसारपसार गर्ने एम्बुलेन्स आदिको सम्पर्क नम्बर सबैले देख्ने गरी राख्ने।

११.	सचेतना बढाउने सम्बन्धमा

क)	आफ्ना श्रमिक तथा कर्मचारी र सेवाग्राहीहरुलाई कोभिड-१९ बाट बच्न एवं अरुलाई संक्रमण फैलाउन नदिन अपनाउनु पर्ने स्वास्थ्य र सुरक्षाका सम्बन्धमा सचेतना जगाउने,

ख) कोभिड-१९ को सन्दर्भमा गर्न हुने र नहुने विषयहरुको सूची तयार पारी सबैले देख्ने स्थानमा राख्ने।

## १२. उद्योग वाणिज्य सम्बन्धी छाता संगठन, वस्तुगत संगठन तथा चेम्बर्सहरुको भूमिका

उद्योग वाणिज्य सम्बन्धी राष्ट्रिय, प्रादेशिक तथा जिल्लागत छाता संगठन, वस्तुगत संगठन तथा चेम्वर्सहरुले माथि उल्लिखित व्यवस्थाहरुलाई पूर्ण पालना गर्ने गराउने सम्बन्धमा देहायको भूमिका निर्वाह गर्नु पर्नेछ।

क) आफ्ना सबै सदस्यहरुलाई माथि उल्लिखित व्यवस्थाहरुका बारेमा सुसूचित तथा प्रशिक्षित गर्ने,

ख) मापदण्ड पालनाको अनुगमन गर्ने र पालनाका लागि निर्देशन दिने,

ग) नेपाल सरकारले व्यवस्था गरेको अनुगमन संयन्त्रलाई पूर्ण सहयोग गर्ने,

घ) प्रस्तुत मापदण्डका बारेमा मिडिया मार्फत पर्याप्त प्रचार प्रसार गर्ने ।

## १३. अनुगमनको व्यवस्था

क) वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा अन्तर्गतका कार्यालयहरुले बजार अनुगमनका क्रममा यस बमोजिमका मापदण्डहरुको पालना गरे नगरेको समेत हेर्ने र पालना नगरेको पाइएमा सम्बन्धित स्थानीय प्रशासनमा जानकारी गराउने,

ख) उद्योग विभागले उद्योगहरुको समय समयमा अनुगमन गरी यस बमोजिमका मापदण्डहरुको पालना गरे/नगरेको समेत हेर्ने र पालना नगरेको पाईएमा सम्वन्धित स्थानीय प्रशासनमा जानकारी गराउने,

ग) सम्वन्धित वडा कार्यालय, नगरपालिका वा गाउँपालिकाहरुले यस बमोजिमका मापदण्ड पालना गरे/नगरेको नियमित रुपमा अनुगमन गरी पालना गर्न लगाउने र कसैले अटेर गरेमा स्थानीय प्रशासनलाई जानकारी गराउने,

घ) स्थानीय प्रशासन र सुरक्षाकर्मीले उल्लिखित सुरक्षा उपायहरुको पालनाका सम्वन्धमा आउने वा प्राप्त सूचनाका आधारमा स्थलगत निरिक्षण गरी पालना गर्न निर्देशन दिने र त्यसो गर्दा समेत पालना नगरेमा प्रचलित कानून बमोजिम कारवाही गर्ने।